# जनसचेतन इ बुलेटिन

JANASACHETAN E BULLETIN

दर्ता नं: ८१-०५०/५१ पान नं: ३०३२१०६०५



जनसचेतन JANASACHETAN

"प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"

बचत तथा ऋण सहकारी संस्था लि.

JANASACHETAN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

स्थापित: २०५०

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा
Baiteshwor R.M.-5, Kabre, Dolakha

०४९-४११००४/४११००५
049-411004/411005

info@janasachetan.org.np
www.janasachetan.org.np



वर्ष : २ (दुई) अंक : ४ (चार) पृष्ठ संख्या: ६ (छ) अवधि: श्रावण-असोज प्रकाशित मिति: २०८२ कार्तिक १५


# ३२ औं वार्षिक साधारण सभा सम्पन्न

■ जनसचेतन साकोस, दोलखा


२०८२ कार्तिक १, शनिबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं वार्षिक साधारण सभा कार्तिक १ गते शनिबार संस्थाको मुख्य कार्यालयको हल, मैनापोखरीमा सम्पन्न भएको छ । ६ वटा विभिन्न एकाइगत साधारण सभा र इकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभासहित ७ वटा साधारण सभाका कार्यक्रम सम्पन्न भएको हो । पहिलो एकाइगत साधारण सभा वैतेश्वर मा.वि., नाम्दु दोलखामा, दोस्रो एकाइगत साधारण सभा संस्थाको मुख्य कार्यालय, मैनापोखरीमा, तेस्रो एकाइगत साधारण सभा सत्यश्वर मा.वि., पवटीमा, चौथो

बाँकी पृष्ठ २ मा



## ५ लाख ५ हजार ५ सय सहयोग रकम हस्तान्तरण




| शीर्षक | जना | रकम रु. |
|---|---|---|
| सामाजिक संस्कार सहयोग | १४ | ७०,००० |
| स्वास्थ्य उपचार सहयोग | ३ | १५,००० |
| आजीवन सहारा भत्ता | १३० | १,९३,००० |
| सुत्केरी स्याहारमा सहयोग | २१ | ४२,००० |
| प्राकृतिक प्रकोपमा सहयोग | १ | १,५०० |
| सदस्य सुरक्षा कोष | ९ | १,८४,००० |
| जम्मा | १७८ | ५,०५,५०० |

**२०८२ श्रावणदेखि असोज मसान्तसम्ममा विभिन्न शीर्षकमा सहयोग मार्फत १ सय ७८ जना शेयर सदस्यहरुलाई ५ लाख ५ हजार ५ सय रुपैयाँ सहयोग हस्तान्तरण गरिसकिएको छ ।**

## बचत खेल तालिम

■ जनसचेतन साकोस, दोलखा

२०८२ श्रावण १२, सोमबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.को आयोजना, जर्मन स्पार्कसेन्स्टिफ्टुङ्ग (German Sparkassen –stiftung For International Cooperation) को सहयोग तथा था नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राविधिक सहजीकरणमा दुई दिवसीय बचत खेल तालिम सम्पन्न भएको थियो ।

संस्थाको मुख्य कार्यालयको हल, मैनापोखरीमा सञ्चालित तालिममा संस्थाका




बाँकी पृष्ठ ६ मा

# सम्पादकीय

## सहकारीमा साधारण सभाको महत्व

सहकारी संस्था सदस्यहरूको आपसी सहयोग, साझा लगानी र सामूहिक प्रयत्नबाट सञ्चालित एक लोकतान्त्रिक आर्थिक संस्था हो । सहकारीको सुशासन, पारदर्शिता र दीगो विकासका लागि वार्षिक साधारण सभा अत्यन्तै महत्वपूर्ण मानिन्छ । यो सभा संस्थाको सर्वोच्च निर्णय गर्ने निकाय हो, जसमा सबै सदस्यहरूको प्रत्यक्ष सहभागिता हुन्छ ।

वार्षिक साधारण सभाको मुख्य उद्देश्य संस्थाको वार्षिक लेखाजोखा प्रस्तुत गर्नु, गत वर्षका कार्य प्रगतिहरू समीक्षा गर्नु, नाफा नोक्सानको विवरण सार्वजनिक गर्नु र आगामी वर्षका योजना तथा बजेट स्वीकृत गर्नु हो । यस सभामा लेखापरीक्षकद्वारा तयार पारिएको वित्तीय प्रतिवेदन पनि प्रस्तुत गरिन्छ, जसले संस्थाको आर्थिक अवस्था स्पष्ट पार्दछ । यसले सदस्यहरूलाई संस्थाको सम्पूर्ण आर्थिक पारदर्शिता बुझ्न र मूल्याङ्कन गर्न अवसर प्रदान गर्दछ । साधारण सभाले सदस्यहरूलाई आफ्नो विचार राख्ने, सुझाव दिने र संस्थाको निर्णय प्रक्रियामा सहभागी हुने अवसर दिन्छ । यसले सहकारीमा लोकतान्त्रिक अभ्यासलाई बल दिन्छ । सभामा संस्थाका पदाधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिन्छ र आवश्यक परे नयाँ नेतृत्व चयन पनि गरिन्छ । यसरी यो सभा संस्थाको उत्तरदायित्व, जवाफदेहिता र सदस्यहरूको एकता सुदृढ गर्ने माध्यम बन्छ । वार्षिक साधारण सभाबाट मात्र सहकारी संस्था कानूनी र नैतिक रूपमा सुदृढ रहन्छ । सहकारी ऐन र विधान अनुसार प्रत्येक सहकारीले वर्षमा कम्तीमा एकपटक साधारण सभा अनिवार्य रूपमा गर्नुपर्छ । यस्तो सभा नगर्दा संस्थाको विश्वसनीयता घट्ने र कानूनी समस्या आउन सक्छ ।

यसकारण, वार्षिक साधारण सभा केवल औपचारिक कार्यक्रम होइन, सहकारी संस्थाको जीवन्तता र विकासको मेरुदण्ड हो । यसले सदस्यबीच पारदर्शिता, विश्वास र सहकार्यको भावना बढाउँछ । त्यसैले, प्रत्येक सहकारी संस्थाले वार्षिक साधारण सभालाई गम्भीरतापूर्वक आयोजना गरी सदस्यहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ, ताकि संस्था स्थायित्व र सफलताका साथ अघि बढ्न सकोस् ।

अब जनसचेतन स्मार्ट एप मार्फत सजिलै ट्राफिक जरिवाना तिरौं ।




## ३२ औं वार्षिक...

एकाइगत साधारण सभा रोयल जडिबुटी ब्याङ्क्वेट, काठमाडौंमा, पाचौं एकाइगत साधारण सभा कालिका मा.वि. कटुवाचौर, दोलखामा र अन्तिम एकाइगत साधारण सभा भैरवश्वर महादेव मन्दिर, सिंगटी, दोलखामा सम्पन्न भएको थियो । छ एकाइगत साधारण सभाबाट मनोनित प्रतिनिधिहरु सम्मिलित निर्णय प्रमाणित गर्ने सभा शनिबार संस्थाको हल मैनापोखरीमा सम्पन्न भएको थियो ।



सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशिका २०७६ अनुसार सबै एकाइगत साधारण सभाहरुमा कार्यसूचीहरु उपर छलफल तथा निर्णयहरु गर्दै एकाइगत साधारण सभाहरु सम्पन्न भएको थियो । एकाइगत सभाहरुले एकाइ सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन र एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणिकरण गर्ने सभाको प्रतिनिधिहरु समेत चयन गरेको थियो ।

संस्थामा कायम रहेको २७५५३ जना सदस्यहरु मध्ये एकाइ एकको सभामा ४८३८ जना मध्ये २५२८ जना, एकाइ दुई सभामा ७२५६ जनामध्ये ३८१० जना, एकाइ तीनको सभामा ४३९१ जना मध्ये २२६२ जना, एकाइ चारको सभामा ३०५३ जनामध्ये १८७८ जना, एकाइ पाँचको सभामा ४२२६ जनामध्ये २१६४ जना र एकाइ छको सभामा ३७८९ जनामध्ये १९३६ जना गरी जम्मा  १४ हजार ५ सय ७८ जना सदस्यहरुको उपस्थिति रहेको थियो । सभामा संस्थाको नीतिमा उल्लेखित विभिन्न १२ वटा विधामा ८ वटा लघुवित्त समूह सहित ११३ जना सदस्यहरुलाई सम्मान गरेको थियो । त्यस्तै वर्ष उत्कृष्ट सेवा केन्द्रको रुपमा शैलुङ सेवाकेन्द्र, वर्ष उत्कृष्ट कर्मचारीको रुपमा सुन्दर के.सी., बिमला बराइली र मेनुका थामीलाई नगद सहित सम्मान गरेको थियो ।

त्यस्तै सभाले विभिन्न १६ वटा प्रस्तावहरु पारित गरेको छ । आ.व. २०८१/८२ को प्रगति प्रतिवेदन तथा गतिविधिहरु, वार्षिक नीति तथा कार्यक्रम र बजेट, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, बाह्य लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन लगायत विषयहरु रहेका थिए ।

संस्थामा असोज मसान्त सम्ममा सदस्य ३४ हजार आठ सय ९३ जना, शेयर पुँजी १५ करोड ४९ लाख २ हजार ५ सय, संस्थागत पुँजी १८ करोड ८७ लाख, बचत १ अर्ब ७९ करोड, ऋण लगानी १ अर्ब ६३ करोड रहेको छ भने संस्थाको कुल सम्पत्ति २ अर्ब ५६ करोड ४ लाख रहेको छ ।

## असोज मसान्तसम्मको वित्तीय विवरण

| विवरण | रकम | विवरण | रकम/ संख्या |
|---|---|---|---|
| शेयर पूँजी रु. | १५,४५,०२,५००.०० | कुल शेयर सदस्य संख्या | २६,१८४ |
| जगेडा कोष रु. | १८,८७,३३,५४४.३८ | कुल ऋणी सदस्य | ३,१८१ |
| कुल बचत रु. | १,७५,५५,८२,१००.०० | लगानीमा रहेको ऋण रु. | १,६३,१६,३१,२३६.६८ |
| कुल संस्थागत पूँजी रु. | १८,८७,३३,५४४.३८ | तरलता रकम र प्रतिशत | ५३,०१,४४,७४१.०७ (२०.४६%) |
| विभिन्न कोषहरुमा जम्मा रु. | १२,४४,७५,४०३.५४ | कुल सम्पति रु. | २,५६,०४,०६,५४७.२५ |

## मेरो जनसचेतन, मेरो भविष्य



*कुसुम घिमिरे*
*वैतेश्वर गा.पा.–५, दोलखा*
*सदस्य नं: १५६९२*

रापहरुसँग
तापहरुसँग
धापहरुसँग
म लडिरहँदा मेरै अभावहरुसँग
जनसचेतन आयो मेरा जापहरुसँग
विलीन भए डरलाग्दा भूत अनि भविष्यहरु
जन्मिए जिन्दगीका सुनौला उजेतहरु
मेरा अनौठा भेषहरुसँग
भविष्यका धूमिल शेषहरूसँग
उज्यालो बनेर आयो जनसचेतन
उज्वल भविष्यको सन्देशहरुसँग ।

संसारको सबैभन्दा
ठूलो खुसी सहित
मेरो जीवनको बगैंचाको
त्यो सबैभन्दा सुन्दर फूल
यही कविताबाट
संस्थाको उचाइमा सुम्पेकी छु
मेरो आजसम्मको
हरेक पाइलामा साथ दिएर
जसरी
एउटा कोपिलालाई
सुन्दर फुलको आकृति दियो
अनि
जुन प्रेरणाले
मलाई यहाँसम्म पुर्यायो
म त लडिसकेकी रहेछु ।

जब
साथ मिल्यो मलाई जनसचेतनको
यी
मेरा आखाँहरु खुले
मेरो यात्राभरी
अनि
अठोट गरें
अब केवल सङ्घर्ष गर्नेछु
जिन्दगीभरी ।

गर्नेछु प्रयास सधैं
मेरा सपनाहरुको यथार्थको
धरातलमा उतार्न
हिंड्नेछु म पहाडका खोँचहरु
अनि
तर्नेछु सयौं नदीहरु
म बाँचिरहेको
हर प्रहरको
प्रमाण हो जनसचेतन
अनि
मैले भोग्ने जिन्दगीको
प्रत्येक मोडहरुको
आवश्यकता हो जनसचेतन
म लड्नेछु
सङ्घर्षका किताबहरुसँग
पछि नहटी
जीवनलाई पूर्ण बनाउन ।

## सहकारीको शक्ति



*सुस्मिता महत*
*तामाकोशी गा.पा.–६, दोलखा*
*सदस्य नं: ३६११६*

सहकार्य गरौं हातमा हात,
सपना बुन्ने गरौं सुरु बात ।
साझा प्रयास, एउटै सोच,
सहकारी बाटो हो सफलको रोज ।

एक्लैले सकिन्न जीवन चलाउन,
साथीहरू मिलेर अघि बढाउन ।
थोरै थोरै बचत गरौं,
समृद्ध भविष्य निर्माण गरौं ।

सहकारी हो समूहको बल,
जहाँ छैन घृणा, छैन छल ।
आत्मनिर्भरता यही बाटो,
साँचो माया, साँचो घातो ।


किसान, श्रमिक, महिला सबै,
सहकारीमा छन् आशा भई ।
साना प्रयास ठूला बन्छन,
साथीसँग सपना साँचो हुन्छन् ।

आऊ साथी, मिलेर हौसला भरौं,
सहकारी बाटो अंगालेर अघि बढौं ।

# हार्दिक श्रद्धाञ्जली

*"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो।"*

**यस त्रैमासिकमा संस्थामा देहायका शेयर सदस्यहरूको असामयिक देहावसान भएकोले हामी अत्यन्तै मर्माहित भएका छौं। यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।**



**दरी शेर्पा**
जिरी न.पा.-८, दोलखा
सदस्य नं: १४५९३
मृत्यु मितिः २०८२/०४/०७



**मैना काफ्ले**
वैतेश्वर गा.पा.-६, दोलखा
सदस्य नं: ३११५९
मृत्यु मितिः २०८२/०४/१५



**श्याम बहादुर खत्री**
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: २०४९४
मृत्यु मितिः २०८२/०५/१०



**चित्र बिन्दारी वि.क.**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: १२६४५
मृत्यु मितिः २०८२/०५/२०



**स्वस्थानी खड्का**
वैतेश्वर गा.पा.-८, दोलखा
सदस्य नं: १७३६२
मृत्यु मितिः २०८२/०५/२४



**रामजी नेपाली**
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: २४८१
मृत्यु मितिः २०८२/०५/२७



**हरि बहादुर कोइराला**
मेलुङ गा.पा.-१, दोलखा
सदस्य नं: १३५१४
मृत्यु मितिः २०८२/०५/३१



**सोमती तमाङ**
जिरी न.पा.-८, दोलखा
सदस्य नं: ९१४९
मृत्यु मितिः २०८२/०६/०५



**शंकर सापकोटा**
भीमेश्वर न.पा.-४, दोलखा
सदस्य नं: ५३२१
मृत्यु मितिः २०८२/०६/११



**तुलसादेवी दहाल**
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: ४४१
मृत्यु मितिः २०८२/०६/११



**हस्त बहादुर थामी**
विगु गा.पा.-७, दोलखा
सदस्य नं: ३६५८७
मृत्यु मितिः २०८२/०६/१७



**सरोज दहाल**
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: १७६३१
मृत्यु मितिः २०८२/०६/१७



**दिप बहादुर बस्नेत**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: २०५५३
मृत्यु मितिः २०८२/०६/१९



**भुवानी बस्नेत**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: २०३७१
मृत्यु मितिः २०८२/०६/१९



**दिपिका बस्नेत**
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: २०३०७
मृत्यु मितिः २०८२/०६/१९



**दधिलाल लामिछाने**
वैतेश्वर गा.पा.-५, दोलखा
सदस्य नं: ६३
मृत्यु मितिः २०८२/०६/२६



**बबिता सुनुवार**
जिरी न.पा.-९, दोलखा
सदस्य नं: २८३८०
मृत्यु मितिः २०८२/०६/३१

**गोपालध्वज श्रेष्ठ**
अध्यक्ष एवम्
**जनसचेतन बचत तथ ऋण सहकारी संस्था लि. परिवार**

## कार्यालय समय

**बिहान ९:३० बजेदेखि ५:३० बजेसम्म**
**(माघ १६ देखि कार्तिक १५ गतेसम्म)**



**बिहान ९:३० बजेदेखि ४:३० बजेसम्म**
**(कार्तिक १६ देखि माघ १५ गतेसम्म)**



# सफलताको कथा




**भीम बहादुर तमाङ**
**जिरी न.पा.-९, चिपचिपे, दोलखा**
**सदस्य नं: २११९९**

दोलखा जिल्ला जिरी नगरपालिका वडा नं. ९, चिपचिपे टोलमा बस्ने बुबा मान बहादुर तमाङ र आमा सर्किनी तमाङबाट वि.सं. २०४० भाद्र १० मा म भीम बहादुर तमाङको जन्म भएको थियो । मेरो बाल्यकाल दोलखा जिल्लाको ठुलोपातलमा नै बितेको थियो । मैले प्राथमिक शिक्षा श्री कालिका माध्यमिक विद्यालय, ठुलोपातलबाट सुरु गरैं । घरायसी समस्याको कारण दुःख कष्ट संहाल्दै मैले कक्षा ८ सम्मको मात्र अध्ययन गर्ने अवसर पाएँ, त्यसपछि कलिलै उमेरमा मेरो पिता र आमाबाट दोलखा जिल्ला वैतेश्वर गाउँपालिका वडा नं. २, गैरीमुदीमा बस्ने कविता तामाङसँग विवाह गरिदिनुभयो । यसरी विवाह पश्चात म र श्रीमती गाउँमा नै खेतीपाती गर्दै आइरहेको थियौं । त्यसै क्रममा घर व्यवहार चलाउन समस्या भइरहेको थियो । अब यसरी घरमा नै बसेर हुँदैन विदेश गएर कमाई गर्नुपर्छ भनी म मिति २०६६ सालमा मलेसिया गई करिब ६ वर्षको विदेश बसाई पछि घरमा नै फर्की आएँ । अब गाउँमा नै केही व्यवसाय गर्नुपर्छ, बालबच्चालाई पनि पालनपोषण गर्नुपर्छ, तिनीहरुलाई शिक्षादिक्षा दिनुपर्छ भन्ने सरसल्लाह भइरहेको थियो ।

यसैबिच एक दिन जनसचेतन सहकारीको शिक्षा शिविर कार्यक्रममा सहभागी हुने अवसर मिल्यो । त्यस कार्यक्रमबाट प्रेरित भई मैले सदस्यता लिई हालसम्म नियमित रुपमा बचत तथा ऋणको किस्ता तिर्दै आइरहेको छु । जनसचेतन सहकारी समुदायमा आधारित सहकारी संस्था हो । संस्थाले जन्मदेखि मृत्युसम्मको विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आइरहेको छ भन्ने कुरा आफन्त तथा छरछिमेकमा भन्दै आइरहेको छु ।

त्यही क्रममा स्वदेशमा नै आफ्नै गाउँमा खाद्यान्न पसल र वंगुर पालन गर्ने निर्धो गरे तर के गर्नु, रकम अभावले गर्दा सुरु गर्न सकिरहेको थिइन । गाउँघर, छरछिमेक कसैले पनि मलाई रकम दिन पत्याएनन् । उक्त कुरा मैले जनसचेतन सहकारीमा पुगी आफूले गर्न लागेको व्यवसायको योजना पेश गरैं र त्यस योजना अनुसारलाई ऋण दिन संस्था मन्जुर भयो । मैले संस्थाबाट केही





रकम ऋण लिएर २०७२ सालमा दोलखा जिल्ला जिरी नगरापलिका वडा नं. ९ चिपचिपेमा खाद्यान्न पसल, बंगुर पालन र कुखुरा पालन व्यवसाय सुरु गरैं । यी व्यवसायबाट राम्रै कमाई हुँदै गयो र अहिले आफ्नै बोलेरो गाडी किनी सामान ओसार पसार गरी त्यसबाट पनि कमाई गर्दै आइरहेको छु । यी सम्पूर्ण व्यवसायबाट दैनिक रुपमा २-३ हजार आम्दानी गर्दै आइरहेको छु । अहिले यही व्यवसायबाट घरखर्च, बच्चाबच्चीलाई शिक्षा दिक्षा तथा केही रकम बचत समेत गर्ने गरेको छु । मेरो व्यवसायमा सुरुदेखि नै जनसचेतन सहकारीको साथ र सहयोग भएको कारण मेरो सफलताको श्रेय जनसचेतन सहकारीलाई नै



दिन चाहान्छु । संस्थाले ममाथि गरेको सहयोगलाई बचाइराख्न मैले नियमित रुपमा बचत गर्दै आइरहेको छु । ऋणको किस्ता पनि समयमा नै तिर्ने गरेको छु र संस्थाले प्रदान गर्दै आइरहेको ब्याज छुटको सुविधा पनि लिने गरेको छु । संस्थाप्रति राम्रो छवी बनाएको कारण ऋण लिनको लागि अन्य वित्तीय संस्थामा धाउनु परेको छैन । मसँग सल्लाह माग्न आउनु हुने मेरो छिमेक तथा साथीहरुलाई सबै किसिमले जनसचेतन साकोस एक अब्बल संस्थाको रुपमा परिचित छ त्यसैले जनसचेतन सहकारीमै सदस्य बन्न सल्लाह दिदै आइरहेको छु । अन्त्यमा भावी दिनमा जनसचेतन सहकारीले धेरैभन्दा धेरै सदस्यको मन मष्तिस्कमा बस्न सकोस्, सदस्य केन्द्रीय कार्यक्रमहरु समय समयमा उपलब्ध गराउँदै जाओस्, सदस्यको आवश्यकता अनुसारको कार्यक्रमहरु ल्याउँदै जाओस्, संस्थाको सेवाहरुलाई थप प्रविधिमैत्री बनाउँदै लगोस् । संस्थाको उन्नति र प्रगतिको कामना गर्दछु । धन्यवाद ।

# बचत खेल तालिम...



कार्यवाहक अध्यक्ष नारायण प्रसाद दहालको अध्यक्षतामा भएको कार्यक्रममा का.वा. अध्यक्ष दहालले कर्मचारीहरुलाई संस्थाको नीति, नियमको पालना गर्दै अघि बढ्नुपर्ने कुरा राख्नुभयो । संस्थाको पिल्लर भनेको कर्मचारी रहेको र कर्मचारीको क्षमता विकास गर्न संस्था निरन्तर अघि बढिरहेकोले यस्ता कार्यक्रमहरु निरन्तर सञ्चालन भइहरने कुरा बताउदै यहाँ सिकेका कुराहरु सदस्यहरुमाझ पुऱ्याउनको लागि आग्रह गर्नु भएको थियो ।

तालिम समापन कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक भीम प्रसाद दहालले सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो । तालिम समापन समारोहलाई सम्बोधन गर्नुहुँदै संयोजक दहालले कर्मचारीहरुलाई यस प्रकारको तालिम अति नै आवश्यक रहेको बताउनु भयो । त्यस्तै उहाँले तालिममा सिकेका कुराहरुलाई सदस्यहरु माझ पुऱ्याई सदस्यहरुको वित्तीय क्षमतामा वृद्धि गर्न सहयोग गर्नुपर्ने कुरा बताउनुभयो । त्यस्तै उहाँले सहकारीका मूल्य, मान्यता र असल अभ्यासलाई थप प्रभावकारी ढंगले अगाडि बढाउनु पर्नेमा जोड दिनुभयो ।

सहभागीहरुले यस तालिम खेल मार्फत सिक्ने अवसर प्राप्त भएकोमा खुसी व्यक्त गरेका थिए । अन्य तालिमभन्दा फरक रहेको यस तालिममा खेलको माध्यमबाट तालिम दिइएकोले तालिम अत्यन्त रोचक र मनोरञ्जनात्मक रहेको थियो । जसले आफ्नो परिवार र सदस्यहरुमा वित्तीय साक्षरता बृद्धि गराउन थप सहयोग पुग्ने भएकाले हामी यसलाई आफ्नो व्यवहारिक जीवनमा प्रयोग गर्दै सदस्यहरुलाई पनि सिकाउने कुरामा प्रतिवद्ध रहेको कुरा राखेका थिए ।

श्रावण ११ र १२ दुई दिनसम्म सञ्चालित बचत खेल तालिममा २१ जना कर्मचारी र ४ जना सञ्चालक सहित २५ जना सहभागिहरुको सहभागिता रहेको थियो तालिमको प्राविधिक सहजीकरण नेफ्स्कूनका व्यवसाय अधिकृत सूर्य प्रसाद तिमल्सिना र कार्यक्रम अधिकृत सोविता मैनालीले गर्नुभएको थियो । तालिमले मानव जीवनमा वित्तीय अनुशासन, वित्तीय बानी विकास र पारिवारिक सरसल्लाहमा बजेट निर्माणको महत्वलाई विशेष जोड दिएको थियो ।

# ऋणको कारोबार नियमित गर्ने बारेको सूचना ।

यस संस्थाबाट विभिन्न शीर्षकहरुमा कर्जा (ऋण) लिनु भएका ऋणी सदस्यहरुले ऋण लिँदाको बखतमा गरिएको सम्झौताको आधारमा नियमित रुपमा किस्ता तथा ब्याज बुझाउनु सदस्यको कर्तव्य हो । यदि कोही ऋणी सदस्यले आफूले लिएको ऋणको किस्ता तथा ब्याज नियमित नभएको भए वा तिर्नु बुझाउनुपर्ने रकम नबुझाउनु भएको भए यथाशक्य छिटो पायक पर्ने संस्थाका कार्यालयहरुमा उपस्थित भई आफ्नो ऋणको किस्ता तथा ब्याज नियमित वा चुक्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । लामो समयदेखि भाखा नघाएका तपाई ऋणी सदस्यलाई संस्थाबाट रकम भुक्तानीको लागि विभिन्न समयमा गरेको तरताकेता (टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रद्वारा) लाई समेत वेवास्ता गरी रहनु भएका तपाई ऋणीहरुले समयमै आफूले लिनु भएको ऋणको तिर्न बाँकी रकम भुक्तानी गरी असल ऋणी सदस्यको पहिचान कायम राख्नुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा प्रचलित नेपाल कानून बमोजिम ऋणी सदस्य तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक गरी कानून बमोजिम ऋण असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**- जनसचेतन साकोस**

इ-बुलेटिनमा सम्बन्धमा कुनै पनि सल्लाह सुझाव तथा पृष्ठपोषणहरु भएमा तलको QR Scan गरी दिन सक्नुहुनेछ ।

Scan me !

**सम्पादन**

- गोपालध्वज श्रेष्ठ, अध्यक्ष
- नवराज दहाल, प्रमुख कार्यकारी अधिकृत
- रमेश लामिछाने, सूचना प्रविधि अधिकृत